# नेपाल राष्ट्र बैंकको ६८ औं वार्षिकोत्सव समारोह
२०८० वैशाख १४

## पूर्व गभर्नरज्यूको सम्मान

बैंकको वार्षिकोत्सवका अवसरमा प्रत्येक वर्ष एक जना पूर्व गभर्नरलाई सम्मान गर्ने परम्पराबमोजिम यस वर्ष पूर्व गभर्नर श्री विजयनाथ भट्टराईलाई सम्मान गरिएको छ । कार्यक्रममा गभर्नर श्री महाप्रसाद अधिकारीले पूर्व गभर्नर भट्टराईलाई दोसल्ला ओढाएर कदरपत्र प्रदान गर्नुभयो । पूर्व गभर्नर भट्टराईले २०६१ माघ १८ देखि २०६६ माघ १७ गतेसम्म बैंकको गभर्नरको जिम्मेवारी सह्माल्नुभएको थियो । नेपालको आर्थिक, मौद्रिक एवम् वित्तीय क्षेत्रको व्यवस्थापनमा पुर्‍याएको योगदानको कदरस्वरूप पूर्व गभर्नरलाई यसरी सम्मान गर्ने परम्परा रहँदै आएको छ ।

## नेपाल राष्ट्र बैंक सेवा पुरस्कार

बैंकको वार्षिकोत्सवका अवसरमा यसै वर्षदेखि कुशल कार्यसम्पादनका साथै बैंकको मर्यादा र प्रतिष्ठा अभिवृद्धिमा उल्लेखनीय योगदान पुर्‍याउने पाँच जना कर्मचारीलाई 'नेपाल राष्ट्र बैंक सेवा पुरस्कार' प्रदान गर्न सुरु गरिएको छ । जसअनुसार देहायका कर्मचारीलाई यस वर्षको बैंक सेवा पुरस्कार प्रदान गरिएको छ ।

### 'नेपाल राष्ट्र बैंक सर्वोत्कृष्ट सेवा पुरस्कार'

| क्र.सं. | नाम | पद | कार्यरत विभाग | पुरस्कारको राशि |
|---|---|---|---|---|
| १. | श्री रामनाथ पण्डित | उप-निर्देशक | सूचना प्रविधि विभाग | नगद रु.एक लाख र प्रमाणपत्र |

### 'नेपाल राष्ट्र बैंक उत्कृष्ट सेवा पुरस्कार'

| क्र.सं. | नाम | पद | कार्यरत विभाग | पुरस्कारको राशि |
|---|---|---|---|---|
| १. | श्री मणिराज श्रेष्ठ | उप-निर्देशक | विदेशी विनिमय व्यवस्थापन विभाग | नगद रु.५० हजार र प्रमाणपत्र |
| २. | श्री यशोधा पोखरेल | सहायक निर्देशक | पोखरा कार्यालय | नगद रु.५० हजार र प्रमाणपत्र |
| ३. | श्री लालकुमार सुवेदी | प्रधान सहायक | गभर्नरको कार्यालय | नगद रु.५० हजार र प्रमाणपत्र |
| ४. | श्री झनप्रसाद कोइराला | कार्यालय सहयोगी | जनशक्ति व्यवस्थापन विभाग | नगद रु.५० हजार र प्रमाणपत्र |

**उत्कृष्ट विप्रेषण सेवा प्रदायक**

मुलुकभित्र सर्वाधिक विप्रेषण भित्र्याउने तीन वटा बैंक र तीन वटा रेमिट्यान्स कम्पनीलाई प्रशंसापत्र प्रदान गर्न यसै वर्षदेखि सुरुआत गरिएको छ। प्रशंसापत्र प्राप्त गर्ने संस्थाहरु देहायबमोजिम छन्।

| **क्र.सं.** | **बैंक** | **क्र.सं.** | **रेमिट्यान्स कम्पनी** |
|---|---|---|---|
| १. | हिमालयन बैंक लिमिटेड | १. | आईएमई लिमिटेड |
| २. | नेपाल एसबीआई बैंक लिमिटेड | २. | सिटी एक्सप्रेस मनी ट्रान्सफर प्रा.लि. |
| ३. | ग्लोबल आईएमई बैंक लिमिटेड | ३. | प्रभु मनी ट्रान्सफर प्रा.लि. |

**उत्कृष्ट भुक्तानी सेवा प्रदायक**

आर्थिक वर्ष २०७९/८० को मौद्रिक नीतिमा यस आर्थिक वर्षलाई 'विद्युतीय कारोवार भुक्तानी प्रवर्द्धन वर्ष'का रूपमा मनाउने घोषणा गरिएको थियो। सोबमोजिम मुलुकमा विद्युतीय भुक्तानीका क्षेत्रमा उल्लेखनीय प्रगति पनि भएको छ। विद्युतीय भुक्तानी कारोबारको प्रवर्द्धनमा उल्लेखनीय योगदान पुऱ्याउने दुई वटा भुक्तानी प्रणाली सञ्चालक संस्थालाई प्रशंसापत्र प्रदान गर्न यसै वर्षदेखि सुरुआत गरिएको छ। प्रशंसापत्र प्राप्त गर्ने संस्थाहरु देहायबमोजिम छन्।

| **क्र.सं.** | **भुक्तानी प्रणाली सञ्चालक** |
|---|---|
| १. | नेपाल क्लियरिङ हाउस लिमिटेड |
| २. | फोन पे पेमेन्ट सर्भिस लिमिटेड |

**२० वर्षे सेवा उपहार**

बैंक सेवा प्रवेशको २० वर्ष सेवा अवधि पूरा भएका १८ जना कर्मचारीलाई '२० वर्षे सेवा उपहार' प्रदान गरिएको छ।

**मिति : २०८० वैशाख १४ गते बिहीबार।**